बैठक संख्या: १५

आज मिति २०८३ साल असार ४ गते विहीबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको ११:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री दिनेश ज्ञवाली (प्र.प्र.अ.) | |

| बैठक संचालन सहयोगी |
|---|
| सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवाली |
| सहायक लेखा अधिकृत श्री हेम बहादुर कार्की |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली |
| ना.सु. श्री ज्ञानेन्द्र वि.क. |
| श्री मदन पौड्याल (प्रा.स. सहायक) madan |
| श्री पार्वती पाण्डे (का. स.) पार्वती |
| |

मिती २०८३ असार ४ गते बस्ने गाउँ कार्यपालिका बैठकका एजेन्डाहरु

१. आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. बजेट विनियोजन सम्बन्धमा ।
३. सामाजिक सुरक्षा कोषमा समावेश गर्ने सम्बन्धमा ।
४. सार्बजनिक सुनुवाइ सम्बन्धमा ।
५. मेडिकल अधिकृतहरुलाई Non-Practicing Allowance (NPA) उपलब्ध गराउने सम्बन्धमा।
६. घिउबेंसी खेलमैदान, रुरुक्षेत्र-४ को जग्गा प्रास्ती सम्बन्धमा ।
७. ठेक्का संझौताको म्याद थप गर्ने सम्बन्धमा ।
८. अनुगमन तथा सुपरीबेक्षण प्रतिबेदन स्वीकृत गर्ने सम्बन्धमा ।
९. आर्थिक ऐन तर्जुमा सम्बन्धमा ।
१०.जिल्ला समन्वय समिति, गुल्मीबाट प्राप्त प्रतिबेदन सम्बन्धमा ।

## मिति २०८३ असार ४ गतेको पन्ध्रौ गाउँ कार्यपालिका बैठकका निर्णयहरुः

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | विषयगत समितिहरुबाट पेश भएको आगामी आ.ब. को नीति तथा कार्यक्रमको प्रतिवेदनलाइ समाबेश गरी तयार गरिएको रुरुक्षेत्र गाउँपालिकाको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम स्वीकृत गरी गाउँसभाको २० औं अधिबेशनको पहिलो बैठकमा पेश गर्ने । |
| २. | विभिन्न वडा कार्यालयहरुको सिफारिस तथा लागत अनुमानको आधारमा तत्काल समाधान गर्नुपर्ने देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुलाई बजेट विनियोजन गर्ने ।<br>(क) झमादी ओखलढुङ्गा खा.पा. तथा सरसफाइ उ.स. ले वडा नं. ३ र ४ मा संचालित झमादी ओखलढुङ्गाका १२ घर परिवारका लागि धारा, मिटर र गेट भल्ब जडान लगायत अन्य कार्यको लागि रु. ३७ हजार रकम भुक्तानीको लागि लेखी आएकोले सो रकम भुक्तानी गर्ने ।<br>(ख) ३ नं. वडा कार्यालय, थानपतिको च.नं. ५९८ मिति २०८३/०१/०९ को पत्रबाट ओखलढुङ्गा निवासी कमल सुन्धौलीले ५ बर्ष देखी केरा खेती गर्दै आएको उक्त केरा खेतीको लागि सिंचाइको लागि पाइप उपलब्ध गराइदिनुहुन भनी लेखी आएकोमा सो कार्यको लागी कमल सुन्धौलीलाइ रु. ५० हजार विनियोजन गर्ने ।<br>(ग)श्री जनज्योती माध्यमिक विद्यालय, रुरुक्षेत्र ६ को च.नं. १४२ मिति २०८३ जेठ २७ गतेको पत्रबाट गुल्मी जिल्ला स्तरिय जुनियर तथा युवा रेडक्रस सर्कल गोष्ठी संचालन गर्दा खर्च भएको रकम निकासाको लागि बिल भरपाइ सहित निवेदन पेश भएकोमा सो कार्यक्रम बापत विद्यालयलाइ रु. ५० हजार उपलब्ध गराउने ।<br>(घ) रुरुक्षेत्र गाउँपालिका वडा नं. २ ग्वादी माधा कोन्द्रा अर्यालटोल लि.खानेपानीको लागि जडान भएको मिटरबक्स थान २, विधुतिय प्यानल बोर्ड, कट आउट फ्युज र तार समेत मिति २०८३ बैशाख १८ मा परेको चट्याङ्गले क्षती पुराएकोले विल भरपाइ प्रहरी मुचुल्का सहित निकासाको लागि २ नं. वडा कार्यालयको च.नं. ४३८ मिति २०८३/०२/१३ को पत्रबाट लेखी आएकोले सो समितिलाइ विपद् व्यवस्थापन कोषबाट रु.१लाख५० हजार भुक्तानी गर्ने ।<br>(ङ) श्रृङ्गेश्वर तपोभूमि धाम क्षेत्रको प्रचार प्रसारको लागि मदन भण्डारी राजमार्ग अन्तर्गत श्रृङ्गेश्वर तपोभूमि धामको प्रवेशद्धार नजिकै धाम क्षेत्रको महत्व झल्कने स्केच तयार गर्ने प्रयोजनको लागि वाल पलाष्टर लगायतका संरचनागत कार्य सम्पन्न गरिएकोले सो कार्यको रकम रु. १ लाख विनियोजन गरी भुक्तानी गर्ने । |
| ३. | करार सेवामा कार्यरत यस गाउँपालिका अन्तर्गतका कर्मचारीहरुलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने । सामाजिक सुरक्षा कोषमा सबै कर्मचारीहरुको समान न्यूनतम तलबमान रु. १२,१७०/- लाइ आधार मानी सो रकमको २० प्रतिशत रकम गाउँपालिकाबाट जम्मा |

| | |
|---|---|
| | गरिदिने । |
| ४. | सेवा प्रवाहको विषयमा आ.व.२०८२/०८३ को अन्तिम चौमासिक सार्वजनिक सुनुवाई मिती २०८३ असार १९ गते शुक्रबार रुरुक्षेत्र गाउँपालिकाको सभाहलमा संचालन गर्ने । |
| ५. | नेपाल सरकारबाट जारी छात्रबृत्ति करारका मेडिकल अधिकृतहरुको सेवा सुविधासम्बन्धी व्यवस्था तथा प्रचलित कानुनी प्रावधान अनुसार निजी चिकित्सकीय अभ्यास नगर्ने सर्तमा Non-Practicing Allowance (NPA) उपलब्ध गराउने व्यवस्था रहेको छ । यस गाउँपालिकामा कार्यरत छात्रबृत्ती करारका मेडिकल अधिकृतहरुले समेत उक्त सर्त पालना गरी पूर्णकालीन रुपमा स्वास्थ्य सेवा प्रदान गरिरहेको हुँदा निजहरुलाइ स्वास्थ्य शाखाबाट पेश भए बमोजिम चालु आ.व. को Non-Practicing Allowance (NPA) उपलब्ध गराउने । |
| ६. | घिउबेंसी खेलमैदानको जग्गा प्राप्ती गर्ने प्रयोजनको लागि ४ नं. वडाका वडा अध्यक्षको संयोजकत्वमा देहाय अनुसार समिति गठन गर्ने, उक्त समितिले जग्गादातासँग समन्वय गरी जग्गादाताहरुबाट मिति २०८३ असार मसान्तसम्म जग्गा प्राप्तीको कार्य सम्पन्न गर्न कार्यदिश दिने ।<br><br>**देहाय:**<br>संयोजक: श्री मोति प्रसाद श्रेष्ठ, वडा अध्यक्ष, ४ नं. वडा कार्यालय, बलेटक्सार<br>सदस्य: श्री इम बहादुर खत्री, रुरुक्षेत्र-४<br>सदस्य: श्री पोष्टराज पौड्याल, रुरुक्षेत्र-४<br>सदस्य: श्री पदम श्रेष्ठ, नगर प्रहरी जवान<br>सदस्य सचिव: श्री राम प्रसाद ज्ञवाली (ना.सु.) |
| ७. | Upgrading Of Dhobighat Rimuwa Rudrabeni Road Rurukshetra-6 का निर्माण व्यवसायी ROLPA-PASHUPATI J.V., घोराही-१४ दाङले निर्माण कार्यमा अत्यधिक मुल्यबृद्धि, निर्माण सामाग्रीहरुको अभाव लगायतका कारण निर्माण कार्यमा प्रत्यक्ष प्रभाव परी निर्माण कार्यमा ढिलाई भएकोले ठेक्का संझौताको म्याद थपको लागि मिति २०८३/०२/०४ मा निबेदन पेश गरेकोले सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम १२०, उपनियम (२) को खण्ड (क) बमोजिम मिति २०८३ जेष्ठ ३१ गते देखी लागु हुने गरी २०८३ श्रावण मसान्तसम्म अन्तिम पटक म्याद थप गर्ने । |

| | |
|---|---|
| ८. | गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित अनुगमन समितिले विभिन्न योजनाहरुको अनुगमन गरी पेश गरेको अनुगमन तथा सुपरीबेक्षण प्रतिबेदन स्वीकृत गर्ने र योजनाहरुको प्राविधिक जाँचपास गरी पेश भएका योजनाहरुको फरफारक गरी भुक्तानी गर्ने । |
| ९. | यस गाउँपालिकाबाट संकलन गरिने राजस्वको दर र दायरा यस गाउँपालिकाको क्षेत्राधिकार भित्रबाट मात्र संकलन गरिदै आएकोमा आगामी आ.व. २०८३/०८४ मा समेत सोही अनुसार राजस्व संकलन गर्न आर्थिक ऐन तर्जुमा गर्ने । |
| १०. | जिल्ला समन्वय समितिको कार्यालय, गुल्मीको च.नं. २२४ मिति २०८३/०२/२० को पत्र सहित गुल्मी जिल्लाको विकास तथा निर्माण कार्यको सन्तुलनको अवस्था बारे अध्ययन प्रतिबेदन प्राप्त भएकोले उक्त प्रतिबेदन जानकारी गराईयो । सो प्रतिबेदन अनुसार नीति निर्माण तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । |